# सामुदायिक माध्यमिक विद्यालयमा आन्तरिक दक्षता

स्नातकोत्तर तह (एम.एड. दोस्रो बर्ष) शैक्षिक योजना तथा व्यवस्थापन

विषयको आंशिक आवस्यकता परिपूर्तिका लागि

शैक्षिक योजना तथा व्यवस्थापन

विभागमा प्रस्तुत

## शोधपत्र


शोधार्थी

खड्गबहादुर थापा मगर

त्रि.वि. द.नं. : ४१४०९-८८

परीक्षा रोल नं. :२१४०७७

क्याम्पस रोल नं.:  २०७

शैक्षिक बर्ष : ०६३/६४

सुकुना वहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ्ग


२०६८, फागुन

☏: ०२१-५४५६१७ त्रिभुवन विश्व विद्यालयद्वारा सम्वन्धन प्राप्त फ्याक्स : ०२१ -५४५७१७

# सुकुना वहुमुखी क्याम्पस
# शिक्षाशास्त्र संकाय
# शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ्ग

प.सं. : मितिः२०६८/११/०२

च.नं. :

**विषय : सिफरिस- पत्र ।**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय सुकुना वहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ्गमा शैक्षिक योजना तथा व्यवस्थापन विशिष्टीकरण विषय लिई स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षमा अध्ययन गर्ने छात्र खड्गबहादुर थापा मगरले **सामुदायिक माध्यमिक विद्यालयमा आन्तरिक दक्षता** शीर्षकमा प्रस्तुत यो शोधपत्र मेरो पूर्ण निर्देशन, सल्लाह र सुझावको आधारमा तयार पार्नु भएको हो । मैले निर्दिष्ट गरेको शोधढाँचामा तयार गरिएको उक्त शोधकार्य निजको आफ्नो स्वतन्त्र अध्ययनको परिणाम हो । निज शोधकर्ताको यस कार्यप्रति म सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई शोधपत्र मूल्याङ्कन समितिमा प्रस्तुत गर्न सिफरिस गर्दछु ।

........................

**सहायक प्राध्यापक भोजराज घिमिरे**

**शोधनिर्देशक**

**सुकुना वहुमुखी क्याम्पस**

**इन्द्रपुर ,मोरङ्ग**

☏: ०२१-५४५६१७ त्रिभुवन विश्व विद्यालयद्वारा सम्वन्धन प्राप्त फ्याक्स : ०२१ -५४५७१७

# सुकुना वहुमुखी क्याम्पस
# शिक्षाशास्त्र संकाय
# शिक्षा योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ्ग

प.सं. मितिः२०६८/११/०२
च.नं.

**विषय : स्वीकृति - पत्र ।**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय सुकुना वहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ्गमा शैक्षिक योजना तथा व्यवस्थापन विशिष्टीकरण विषय लिई स्नातकोत्तर तह (एम. एड.) दोस्रो वर्षमा अध्ययन गर्ने छात्र खड्गबहादुर थापा मगरले **सामुदायिक माध्यमिक विद्यालयमा आन्तरिक दक्षता** शीर्षकमा प्रस्तुत यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | उपप्राध्यापक श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | |
| २. | सहायक प्राध्यापक श्री भोजराज घिमिरे | शोधनिर्देशक | |
| ३. | | बाह्य परीक्षक | |

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा शोध निर्देशक **भोजराज घिमिरेलाई** पाउनु मैले अहो भाग्य ठानेको छु । जसले मलाई शोधपत्र लेखनको प्रारम्भदेखि अन्त्यसम्म विभिन्न माध्यमबाट सामग्री मात्र उपलब्ध गराउनु भएन प्रत्यक्ष भेटघाट र फोन सम्पर्कबाट समेत सल्लाह, सुझाव र निर्देशन समेत पुऱ्याउनु भएको सहयोग मेरा लागि अविस्मरणीय रहने छ यसका लागि म वहाँलाई हार्दिकताकासाथ कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी शोधपत्रको शीर्षक छनोटमा विद्वतापूर्ण सहयोग र सल्लाह प्रदान गर्नु हुने परम आदरणीय गुरु  प्राध्यापक द्वय केशव राज भट्टराई र खगेन्द्र लुइटेल ज्यू प्रति म आभारी छु ।

शोधपत्र तयारीको क्रममा शोध प्रस्तावनालाई विभागीय स्वीकृती प्रदान गरी अनुसन्धानको मार्ग प्रसस्त गर्न सहयोग गरी दिनुहुने विभागीय प्रमुख लक्ष्मीकुमार श्रेष्ठ ज्यू प्रति कृतज्ञता प्रकट गर्दछु ।

अन्त्यमा कतिपनि झन्जट नमानी शोधपत्र टाइपिङ. गरी सहयोग गर्ने मेरा झोलीका देवता सरोज थापालाई धन्यवाद दिन चाहन्छु ।

खड्गबहादुर थापा मगर

फाल्गुण, २०६८

# शोधसार

सामुदायिक माध्यमिक विद्यालयमा आन्तरिक दक्षता शीर्षकमा गरिएको यस अनुसन्धानको मुख्य उद्देश्य सामुदायिक माध्यमिक विद्यालयमा आन्तरिक दक्षताको अवस्था अध्ययन गर्नु रहेको छ।

विद्यालयको शिक्षा गुणस्तरीय हुनका लागि अन्य तत्वका अलावा विशेष रुपमा विद्यालयको आन्तरिक दक्षता पनि राम्रो हुनु पर्दछ। त्यसैले विद्यालयको स्तर वृद्धि र विकासकालागि आन्तरिक दक्षताको अध्ययन गर्न आवश्यक ठानी यो शोधकार्य गरिएको हो जसको मुख्य उद्देश्य विद्यालयको आन्तरिक दक्षताको अवस्था अध्ययन गर्नु रहने छ।

यसमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ। यस अध्ययनमा सहभागीहरुको छनोट उद्देश्यमुलक नमुना छनोट विधिको आधारमा गरिएको छ। तथ्याङ्क तथा सूचना संकलनको लागि प्रश्नावली, अन्तरवार्ता, अवलोकन तथा सर्वेक्षण फारम साधनहरुलाई प्रयोगमा ल्याइएको छ।

प्राप्त सूचनाका आधारमा विगत तीन वर्षको स्थितिलाई हेर्दा नयाँ भर्ना प्रा.वि.तहमा औषत ३४.६ प्रतिशत, नि.मा.वि.तहमा औषत २६.३ प्रतिशत र मा.वि. तहमा औषत १८.४ प्रतिशत रहेको देखिन्छ। यी तीन तहको विगत तीन वर्षको औषत नयाँ भर्ना दर २७.३ प्रतिशत रहेको देखिन्छ।

त्यसैगरी औषत विद्यार्थी उत्तीर्ण प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा क्रमशः ९०.७, ८३, ८८.९ प्रतिशत भएको पाइन्छ। त्यसैगरी कक्षा छाड्ने विद्यार्थी संख्या औषतमा प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा क्रमशः ६.९३, ४.४३ र ६.२ प्रतिशत रहेको देखिन्छ। समग्रमा कक्षा छाड्ने दर ७.३ प्रतिशत हुन आउछ। त्यसैगरी कक्षा दोहोर्‍याउने विद्यार्थी संख्या प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा औषत क्रमशः ८,१६ र ७ प्रतिशत रहेको देखिन्छ। समग्रमा कक्षा दोहोर्‍याउने दर १०.५ प्रतिशत रहेको देखिन्छ।

त्यसैगरी विद्यालयको प्रवेशिका परीक्षा परिणाम विवरण सम्वन्धि विगत तीन वर्षको स्थितिलाई अध्ययन गर्दा परीक्षामा सहभागी विद्यार्थी संख्या ६०.२ प्रतिशत औषत उत्तीर्ण दर देखिन्छ। विद्यार्थी शिक्षक अनुपातको स्थितिलाई हेर्दा प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा क्रमशः १:२४, १:४०, १:२४ र औषतमा १:२८ रहेको छ। त्यसैगरी तहगत शिक्षकको उपस्थिति दरको अध्ययन गर्दा औषत उपस्थिति

दर प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा क्रमशः ९५.४५, ९६.१ र ९५.२ प्रतिशत तथा समग्रमा ९५.४९ प्रतिशत रहेको देखिन्छ ।

विद्यालयको आन्तरिक दक्षताको लेखाजोखा गर्न आवश्यक पर्ने कुराहरु विद्यार्थी भर्नाको आधार र समय, विद्यार्थी उत्तीर्ण गराउने आधार, कक्षा छाड्ने तथा दोहोऱ्याउने कारण, विद्यार्थी अनुशासन तथा पुरस्कार सम्वन्धि व्यवस्था, विद्यालयको अनुगमन तथा निरीक्षण र त्यसको समयको वारेमा गहन अध्ययन गरिएको छ । जसले वर्षौदेखि शैक्षिक क्षेत्रमा विशेष गरी सामुदायिक विद्यालयको गुणस्तर र त्यसमा आन्तरिक दक्षताको भूमिका सम्वन्धमा उब्जिएका सम्पूर्ण जिज्ञासा, समस्या र समाधानहरुका प्रयासहरुको वारेमा जानकारी प्राप्त हुने देखिन्छ ।

त्यसैगरी विद्यालयको आन्तरिक दक्षता व्यवस्थापनका कठिनाइहरुको अध्ययन गर्दा न्यून तथा कमजोर आर्थिक स्थिति भएका, दलित, सुकुम्वासी, किसान तथा शिक्षाप्रति कम चेतना भएका परिवारका वालवालिकाहरु वढी हुनु । यी समस्याहरुको समाधान गर्न नेपाल सरकारले निःशुल्क शिक्षा तथा विशेष छात्रवृत्तिको व्यवस्था गर्नु पर्ने, विद्यालयलाई आर्थिक तथा भौतिक रुपले सम्पन्न वनाउन समुदाय तथा अभिभावकको संलग्नता बढाउनु पर्ने, विद्यालयलाई राजनैतिक हस्तक्षेपबाट मुक्त गर्नुपर्ने कुरालाई सुझावको रुपमा प्रश्तुत गरिएको छ ।

# विषय सूची

| शीर्षक | पेज नं. |
|---|---|
| सिफरिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञता ज्ञापन | III |
| शोधसार | IV |
| संक्षिप्त शब्दावली | VI |

## परिच्छेद एक : परिचय

| | |
|---|---|
| १.१. अध्यनको पृष्ठभूमि | १ |
| १.२. समस्याको कथन | ३ |
| १.३. अध्ययनको औचित्य | ५ |
| १.४. अध्ययनको उद्देश्य | ६ |
| १.५. अनुसन्धानात्मक प्रश्नहरु | ६ |
| १.६. अध्ययनको परिसीमा | ६ |
| १.७. शब्दावलीहरुको परिभाषा | ७ |

## परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

| | |
|---|---|
| २.१. सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.२. अध्ययनको सैद्धान्तिक खाका | १५ |
| २.२.१. बैज्ञानिक व्यवस्थापनको सिद्धान्त | १५ |
| २.२.२. मानव सम्बन्ध सिद्धान्त | १८ |
| २.३. पुनरावलोकनको उपादेयता | १९ |

## परिच्छेद तीन : अध्ययन विधि

३.१.    अनुसन्धानात्मक ढाँचा    २१
३.२.    तथ्याङ्क सङ्कलन प्रकृया    २१
३.२.१   जनसंख्या    २१
३.२.२. नमूनाको आकार    २१
३.२.३. नमुना छनोट विधि    २२
३.२.४. नमूना छनोटको आधार    २२
३.३.    अनुसन्धानका साधन    २२
३.४.   तथ्याङ्कका स्रोतहरु    २३
३.५.    तथ्याङ्कको प्रस्तुति, विश्लेषण र व्याख्या    २३

## परिच्छेद चार : तथ्याङ्कको प्रस्तुतिकरण, ब्याख्या र विश्लेषण

४.१.    बर्तमान बिद्यालयको आन्तरिक दक्षता    २४
४.१.१. बिद्यार्थी भर्ना    २४
४.१.२. बिद्यार्थी उत्तिर्ण दर    २६
४.१.३. बिद्यार्थी कक्षा छाड्ने दर    २८
४.१.४. कक्षा दोहोऱ्याउने दर    २९
४.१.५. प्रवेशिका परीक्षाको परीणामको विश्लेषण    ३१
४.१.६. बिद्यार्थी शिक्षक अनुपात    ३१
४.१.७. तहगत शिक्षक उपस्थिति दर    ३२
४.२.    बिद्यालयको आन्तरिक दक्षताको सुचकहरु    ३३
४.२.१. बिद्यार्थी भर्नाको आधार र समय    ३४
४.२.२. उर्त्तिण गराउने आधार    ३४
४.२.३. कक्षा छाड्ने कारण    ३५
४.२.४. कक्षा दोहोऱ्याउने कारण    ३६
४.२.५. बिद्यार्थी अनुशासन तथा पुरस्कार सम्बन्धि व्यवस्था    ३८

४.२.६. बिद्यालयको अनुगमन तथा निरिक्षण ३९
४.३. बिद्यालयको आन्तरिक दक्षता व्यवस्थापनको कठिनाई .................... ४०
४.३.१ बिद्यालयको आन्तरिक दक्षता व्यवस्थापनको कठिनाई ४०
४.४. आन्तरिक दक्षताको बृद्धिको उपाय ४३
४.५. आन्तरिक दक्षता बृद्धिमा सरोकारवालाको भूमिका ४७

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

५.१. अध्ययनको प्राप्ति ५१
५.२. अध्ययनको निष्कर्ष ५६
५.३. सुझावहरु ५७

**सन्दर्भसामग्री**

**अनुसूचीहरु**

# संक्षिप्त शव्दावली

| | | |
|---|---|---|
| प्र.अ. | : | प्रधानाध्यापक |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| शै.ज.वि.के. | : | शैक्षिक जनशक्ति विकास केन्द्र |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| शि.अ. सं. | : | शिक्षक अभिभावक संघ |
| वि.नि. | : | विद्यालय निरीक्षक |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| रा.शि.आ. | : | राष्ट्रिय शिक्षा आयोग |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| CERID | : | Reserch Centre for Educational Innovation & Development |